आज मिति २०७८ साल भाद्र ८ गते मंगलवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : नगरपालिका क्षेत्र भित्र विपद् व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.३ : कोभिड १९ को व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.४ : व्यास नगर समता विद्यालय व्यवस्थापन समिति सम्बन्धमा ।
प्रस्ताव नं.५ : प्रविधिमैत्री विद्यालय सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.६ : विद्यालय सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.७ : स्नातक उत्तीर्ण गरेका वेरोजगार महिला सम्बन्धमा ।
प्रस्ताव नं.८ : प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.९ : मोटर साइकल मर्मत सम्बन्धमा ।
प्रस्ताव नं.१० : बिमा सम्बन्धमा ।
प्रस्ताव नं.११ : घर भाडा सम्बन्धमा ।
प्रस्ताव नं.१२ : मानहुँकोट पर्यटन प्रवर्द्धनका लागि सहयोग माग सम्बन्धमा
प्रस्ताव नं.१३ : ठेक्का स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१४ : निकासा रकम माग सम्बन्धमा ।
प्रस्ताव नं.१५ : दररेट स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१६ : खरिद प्रकृया सम्बन्धमा ।
प्रस्ताव नं.१७ : प्राविधिक मूल्यांकनको आधारमा रकम भुक्तानी दिने सम्बन्धमा ।
प्रस्ताव नं.१८ : सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंक परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१९ : स्वास्थ्य सम्बन्धी सेवा विस्तारको अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.२० : व्यवसाय सञ्चालनका लागि अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.२१ : रजिष्ट्रेशन दस्तुर छुट सम्बन्धमा ।
प्रस्ताव नं.२२ : प्रतिनिधि तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.२३ : सेवा करार सम्झौता अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२४ : विभिन्न कार्यक्रममा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.२५ : भूमि आयोगका कर्मचारीको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.२६ : युवा विकास अधिकृत सेवा करार नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.२७ : यातायात सेवा कार्यालय स्थानान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.२८ : शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.२९ : विषय परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.३० : प्र.अ. नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.३१ : बाल विकास शिक्षक सम्बन्धमा ।
प्रस्ताव नं.३२ : सहकारी संस्थाको सेवा विस्तार सम्बन्धमा ।
प्रस्ताव नं.३३ : विद्यालय सुरक्षा रिटेनिङवालका लागि सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.३४ : प्रा.वि. दरबन्दी मिलान गर्न प्रोत्साहन सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.३५ : शिक्षक छनौट विषय विज्ञ नियुक्ति गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३६ : नगर शिक्षा समितिमा मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.३७ : सरसफाई जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.३८ : पि.सि.आर.प्रयोगशाला निर्माण र नगर अस्पताल मर्मत निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.३९ : आइसोलेसन केन्द्र मर्मत र स्टोर निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.४० : दस्तुर छुट सम्बन्धमा ।
प्रस्ताव नं.४१ : शिक्षक दरबन्दी कायम सम्बन्धमा ।
प्रस्ताव नं.४२ : अत्यावश्यक प्रकृतिका कार्यक्रम तथा योजनामा रकम विनियोजन सम्बन्धमा ।

**निर्णय नं.१ :** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७८।४।२२ गते भएको कार्यपालिका बैठकका निर्णयहरु र कार्यान्वयन पक्षको समीक्षा गरियो ।

**निर्णय नं.२ :** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र विपद्बाट असर पुगेका खेत, कुलो, घर लगायतका विषयमा प्राप्त वडागत प्रतिवेदन माथि विस्तृत छलफल गरी घर संरक्षण, कुलो, खेत, बाटाहरुको पुनर्स्थापना कार्यमा वडाको सिफारिसका आधारमा विपद्बाट असर पुगेका लाभग्राहीहरुलाई राहत उपलब्ध गराउने कार्य भइरहेको र बाँकीलाई समेत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.३ :** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ को संक्रमण पहिचान गर्न पि.सि.आर. परीक्षण सम्बन्धी प्रयोगशाला प्रयोगमा ल्याउन जनशक्तिको व्यवस्थापन गर्ने प्रकृया अघि बढेको, २५ वेडको कोभिड व्यवस्थापन अस्पतालको भवन निर्माणमा टेण्डर प्रकृया अघि बढेको बैठकमा जानकारी गराइनुका साथै कोभिड-१९ को परीक्षण कार्य र नेपाल सरकारको नीतिगत प्रकृयामा खोप लगाउने कार्य व्यवस्थित गर्ने, आम नगरवासीलाई सचेत भई सावधानी अपनाउन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगर समता आवासीय विद्यालयको व्यवस्थापनमा भएका कार्य प्रगतिका बारेमा बैठकमा जानकारी गराउनुका साथै विद्यालय सञ्चालनमा नआउँदासम्मका लागि सदस्य सचिवको हकमा व्यास नगरपालिकाका नगर शिक्षा अधिकारी सदस्य सचिव रहने गरी सम्बन्धित कार्यविधि अनुसार तपसिल बमोजिमका पदाधिकारी भएको विद्यालय व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) अध्यक्ष | वडाध्यक्ष श्री सतिशचन्द्र न्यौपाने |
| (ख) सदस्य | वडाध्यक्ष श्री सुरेश थापा |
| (ग) सदस्य | वडा सदस्य श्री पम्फा वाग्ले |
| (घ) सदस्य | सिमलटार नरंगा टोल अध्यक्ष श्री विजय अधिकारी |
| (ङ) सदस्य | उपल्लो नरंगा टोल अध्यक्ष श्री ब्रम्हदत्त वाग्ले |
| (च) सदस्य | समाजसेवी श्री रुपलाल कुमाल, व्यास ९ |
| (छ) सदस्य | समाजसेवी श्री कल्पना के.सी., व्यास ७ |
| (ज) सदस्य | समाजसेवी श्री ज्योति थापा, व्यास ९ |
| (झ) सदस्य सचिव | उपसचिव श्री नगेन्द्र प्रसाद रेग्मी |

**निर्णय नं.५ :** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री विद्यालय बनाउनका लागि विद्यालयको सिफारिस एवं प्रस्तावको आधार र शिक्षा शाखाको सिफारिसका आधारमा शिक्षक नियुक्ति, कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, स्मार्ट टि.भि. खरिद गरी शिक्षा शाखाको अनुगमन अन्तिम प्रतिवेदनका आधारमा निम्न लिखित ६६ वटा विद्यालयलाई शीर्षक ७७१ र नपुग रकम ७७२ बाट खर्च हुने गरी रु.१,००,०००। (एक लाख) का दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | विद्यालयको नाम | वडा नं. |
|---|---|---|
| १. | जनसेविका प्रा.वि. | १ |
| २. | जलदेवी मा.वि. | १ |
| ३. | वुद्धदाहाल वहिरा प्रा.वि. | १ |
| ४. | निर्मल मा.वि. | १ |
| ५. | वालमन्दिर मा.वि. | २ |

| | | |
|---|---|---|
| ६. | जनसेवा प्रा.वि. | २ |
| ७. | सत्यवती मा.वि. | २ |
| ८. | शिवपाञ्चायन मा.वि. | ३ |
| ९. | महर्षि सं मा.वि. | ३ |
| १०. | वेदव्यास प्रा.वि. | ४ |
| ११. | मदर्शा प्रा.वि. | ४ |
| १२. | मानुङ प्रा.वि. | ५ |
| १३. | पराशर मा.वि. | ५ |
| १४. | उदय मा.वि. | ५ |
| १५. | संगम प्रा.वि. | ५ |
| १६. | पद्मा प्रा.वि. | ५ |
| १७. | जनजुक्त शाही मा.वि. | ५ |
| १८. | महेन्द्रज्योति मा.वि. | ६ |
| १९. | अमृत आ.वि. | ६ |
| २०. | सिन्धु प्रा.वि. | ६ |
| २१. | इन्दु मा.वि. | ६ |
| २२. | माहेन्द्री आ.वि. | ६ |
| २३. | देउराली प्रा.वि. | ६ |
| २४. | जनज्योति आ.वि. | ६ |
| २५. | रत्नज्योति आ.वि. | ६ |
| २६. | अमर प्रा.वि. | ६ |
| २७. | क्यामिनकोट मा.वि. | ७ |
| २८. | पञ्चज्योति प्रा.वि. | ७ |
| २९. | वसन्तकाली प्रा.वि. | ७ |
| ३०. | क्यामिन मा.वि. | ७ |
| ३१. | सोमाजन प्रा.वि. | ८ |
| ३२. | सहजिवन प्रा.वि. | ८ |
| ३३. | नयाज्योति प्रा.वि. | ८ |
| ३४. | कृष्णालय प्रा.वि. | ८ |
| ३५. | शहिद धर्म आ.वि. | ८ |
| ३६. | लक्ष्मी आ.वि. | ९ |
| ३७. | वसाहस्थान मा.वि. | ९ |
| ३८. | सरस्वती आ.वि. | ९ |
| ३९. | माहेन्द्री मा.वि. | ९ |
| ४०. | शिव मा.वि. | १० |
| ४१. | जनता आ.वि. | १० |
| ४२. | सर्वज्योति मा.वि. | १० |
| ४३. | भानु मा.वि. | १० |
| ४४. | चण्डिदेवी रा.मा.वि. | १० |

| | | |
|---|---|---|
| ४५. | चण्डिका आ.वि. | ११ |
| ४६. | सुर्योदय प्रा.वि. | ११ |
| ४७. | वाराही मा.वि. | ११ |
| ४८. | वसन्त आ.वि. | ११ |
| ४९. | जनकल्याण प्रा.वि. | ११ |
| ५०. | चण्डेश्वरी आ.वि. | ११ |
| ५१. | वि पी प्रा.वि. | १२ |
| ५२. | मनकामना प्रा.वि. | १२ |
| ५३. | जनमिलन प्रा.वि. | १२ |
| ५४. | अमरज्योति मा.वि. | १२ |
| ५५. | कर्लुङ प्रा.वि. | १२ |
| ५६. | सिद्धेश्वरी मा.वि. | १२ |
| ५७. | छाव्दी वाराही प्रा.वि. | १२ |
| ५८. | सिद्धवेनी आ.वि. | १३ |
| ५९. | वेनीमित्र प्रा.वि. | १३ |
| ६०. | वालकल्याण प्रा.वि. | १३ |
| ६१. | जनजागृति गंगा मा.वि. | १३ |
| ६२. | गुंदिफच्याङ आ.वि. | १३ |
| ६३. | सितला प्रा.वि. | १३ |
| ६४. | केशवटार मा.वि. | १४ |
| ६५. | अमरज्योति आ.वि. | १४ |
| ६६. | केशवटार प्रा.वि. | १४ |

**निर्णय नं.६ :** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र नेपाल सरकारबाट जारी भएको कोभिड-१९ संकमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम जोखिम क्षेत्रको विश्लेषण गरी लकडाउन गर्ने र विद्यालयहरुमा भरसक अनलाइन र अनलाइन कक्षा सञ्चालन हुन नसकेमा २५ जनाभन्दा बढी कक्षामा नरहने गरी स्वास्थ्य मापदण्ड पालना गर्दै २०७८ भाद्र १३ गतेदेखि दिउँसो २.०० बजेसम्म मात्र प्रत्यक्ष कक्षा गर्ने गरी विद्यालय सञ्चालन गर्न जिल्ला जोखिम व्यवस्थापन समितिमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.७ :** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका स्नातक उत्तीर्ण वेरोजगार महिलालाई उद्यमशीलता अनुदान उपलब्ध गराउन भाद्र महिना भित्र वडाको सिफारिस सहित उद्यमशीलता प्रस्ताव पेश गर्न सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.६, १०, ११, १३, १४ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रस्तावित कार्यहरु गर्न प्रति वडामा रु.५,००,०००। का दरले जम्मा रु.२५,००,०००। (पच्चीस लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा नगरपालिकामा कार्यरत कर्मचारीहरुले कार्यालयको कामको सिलसिलामा मोटर साइकल प्रयोग गरी मोटर साइकल बिग्रिई मोटर साइकल मर्मत गर्नुपर्दा मर्मत खर्चलाई एकरुपता कायम गरी मितव्ययी अपनाउनका लागि फिल्डमा खटिनु पर्ने प्राविधिक कर्मचारीको हकमा सामान्यतः वार्षिक मर्मत खर्च रु.१५,०००। (पन्ध्र हजार) र अन्य

कर्मचारीको लागि वार्षिक रु.७,५००। (सात हजार पाँच सय) बिल अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१०** : प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नगरपालिकामा कार्यरत सरसफाई, विद्युत र फिल्डमा खटिनु पर्ने प्राविधिक कर्मचारीहरुको जोखिमलाई मध्यनजर गरी प्रति व्यक्ति वार्षिक रु. १६००। (एक हजार छ सय) बिमा गराउने निर्णय गरियो ।

**निर्णय नं.११** : प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा हाल घर भाडा उपलब्ध गराइएका कर्मचारीहरुको घर भाडा दरमा एक रुपता कायम गरी मितव्ययीता अपनाउन लागि २०७८ श्रावण महिनादेखि लागु हुने गरी बढिमा मासिक रु.७,०००। (सात हजार) का दरले उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१२** : प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ मानहुँकोट पर्यटन प्रवर्द्धनका लागि गुरु योजनाको प्रस्ताव अनुसार काम गर्न नेपाल सरकार पर्यटन बोर्ड काठमाण्डौमा SPLRP अन्तर्गत सहयोग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३** : प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा बोलपत्र मूल्यांकन समितिबाट स्वीकृत भई आएका तपसिल बमोजिमका विभिन्न निर्माण, खरिद र आय सम्बन्धी ठेक्का स्वीकृत गर्ने निर्णय गरियो ।

(क) यस नगरपालिकाको वडा नं.११ मा शितभण्डार निर्माण (ठेक्का नं.५४/vyasmun/२०७७।०७८) योजनाको लागि गत आर्थिक वर्षको अन्त्यमा बोलपत्र आब्हान गरिएकोमा विभिन्न ४ वटा फर्म/कम्पनीले बोलपत्र दर्ता गराएकोमा बोलपत्र मूल्यांकन समितिबाट नगरपालिका कार्यालयको स्वीकृत विभागीय लागत अनुमान (मु.अ.कर र कन्टिजेन्सी बाहेक) रु.१,८४,०१,३६०।९० मा सबैभन्दा बढी २१.८० प्रतिशत रकम घटी बोलपत्र दर्ता गराउने श्री देवचूली कन्स्ट्रक्सन कम्पनी प्रा.लि. लेखनाथ ३ कास्कीले कबोल गरेको (मु.अ.कर र कन्टिजेन्सी बाहेक) रु.१,४३,८९,६२४।४९ अंकको न्यूनत्तम मूल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको भनी स्वीकृतिको लागि सिफारिस भई आएकोले बोलपत्र मूल्यांकन समितिको सिफारिस बमोजिम उक्त बोलपत्र स्वीकृत गरी सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

(ख) व्यास नगरपालिका अर्न्तगत प्राकृतिक साधनको उपयोग गरे वापत वातावरणमा पर्न जाने क्षति न्यूनीकरण गर्न व्यास नगरपालिका क्षेत्र भित्र उत्पादन/प्रशोधन भई अन्यत्र लैजांदा लाग्ने वातावरण शुल्क उठाउने (आय ठेक्का नं.०१/vyasmun/२०७८।०७९) सम्बन्धमा बोलपत्र आब्हान भएकोमा दर्ता भएका बोलपत्रहरु मध्ये आय ठेक्का मूल्यांकन समितिबाट नगरपालिका कार्यालयको स्वीकृत न्यूनत्तम अंक (मू.अ.कर र आयकर बाहेक) रु.७७,००,०००। मा सबैभन्दा बढी प्रतिशत अंक कबोल गरी बोलपत्र दर्ता गराउने श्री पि.के.कन्स्ट्रक्सन पोखरा लेखनाथ ८ कस्कीले कबोल गरेको (मू.अ.कर र आयकर बाहेक) रु.९१,५१,००५। अंकको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको भनी स्वीकृतिको लागि सिफारिस भई आएकोले आय ठेक्का मूल्यांकन समितिको सिफारिस बमोजिम उक्त बोलपत्र स्वीकृत गरी सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

(ग) विपद् व्यवस्थापन अर्न्तगत तारजाली खरिद (ठेक्का नं.१/vyasmun/२०७८।०७९) योजनाको लागि बोलपत्र आब्हान गरिएकोमा विभिन्न फर्महरुबाट दर्ता हुन आएका बोलपत्रहरु मध्ये सबैभन्दा न्यून अंक कबोल गर्ने श्री कोहिनुर वायर एण्ड स्टिल इण्डष्ट्रिज प्रा.लि. काठमाण्डौले

कबोल गरेको (मू.अ.कर समेत) रु.१९,५०,४०२।६० अंकको बोलपत्र स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१४** : प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारको विशेष अनुदान अर्न्तगत व्यास नगरपालिका वडा नं.७ स्थित कलेस्ती नरंगा सिंचाई योजनाको लागि गत आर्थिक वर्षमा सम्झौता भएकोमा सम्झौता बमोजिमको सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको हुँदा श्री अर्थ मन्त्रालय, गण्डकी प्रदेशमा आवश्यक कागजात सहित बाँकी रकम भुक्तानी माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५** : प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्ष २०७८।०७९ को लागि मिति २०७८।३।३० गते प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बसेको जिल्ला दररेट निर्धारण समितिबाट सार्वजनिक खरिद नियमावली २०६४ को छैठौं संशोधन बमोजिम तनहुँ जिल्लाको लागि जिल्ला दररेट (कामदारहरुको ज्याला, निर्माण सामग्री, ढुवानी तथा मेशिन उपकरणको भाडा आदि) स्वीकृत गरी यस कार्यालयमा समेत पठाएको हुँदा उक्त दररेटलाई नै यस नगरपालिका भित्र लागु गर्ने गरी दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६** : प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा २०७८ आषाढ महिनाको अन्तिम साता तथा श्रावण महिनामा आएर वर्षातको कारण यस नगरपालिका अर्न्तगत विभिन्न वडाहरुमा व्यक्तिको घर जग्गामा समेत क्षति हुनुको साथै पुल, खेत, बाटो, खानेपानी, बिजुल र सिंचाई जस्ता क्षेत्रमा व्यापक क्षति हुन गएकोले उक्त स्थानको तत्काल संरक्षण गरी जनजिवन सहज बनाउन सार्वजनिक खरिद ऐन तथा नियमावलीले व्यवस्था गरे बमोजिमका सम्पूर्ण खरिद प्रक्रियाहरु अवलम्बन गर्न सक्ने अवस्था नरहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र  सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम विशेष परिस्थितिमा तत्काल खरिद/निर्माण नगर्दा सार्वजनिक सुरक्षा, हित तथा सामुदायिक स्वास्थ्यमा पर्ने संकटलाई मध्यनजर गरी वडा विपद् व्यवस्थापन तथा नगर विपद व्यवस्थापन अर्न्तगत निर्णय भई वडा कार्यालयबाट विपद अर्न्तगत हालसम्म भएका खर्च रकमहरुलाई प्राविधिक मूल्यांकनको आधारमा अनुगमन गरी सम्बन्धित पाटीलाई नै सोझै भुक्तानी गर्ने र सो सम्भव नरहेका वडाहरुमा वडा सचिवलाई जिम्मेवार बनाई सम्बन्धित वडाका सचिवहरु मार्फत भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै अब परिस्थिति सहज अवस्थामा आइसकेको हुँदा विपद् अर्न्तगतका सम्पूर्ण निर्माण तथा खरिद सम्बन्धी कार्यहरु (भाद्र महिनामा शुरु हुने) उपभोक्ता समिति तथा ठेक्का प्रक्रियाबाट नै अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१७** : प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ स्थित निर्मल नगर टोलको अफिस मार्ग कालोपत्रे योजनाको लीग प्राविधिक मूल्यांकन बमोजिम रु.५६,६०४। मात्रको परिमाण भेरिएसन स्वीकृत गरी क्रमागत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१८** : प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१४ को सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य एन.आइ.सि. एसिया बैंक दमौली मार्फत हुँदै आएकोमा उक्त बैंकको सेवा प्रवाह सन्तोषजनक नदेखिएकोले सो बैंकसँग भएको सम्झौता रद्द गरी सनराइज बैंक लिमिटेड दमौलीसँग सम्झौता गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाई दिनका लागि १४ नं. वडा कार्यालयबाट सिफारिस भई आएकोले वडा कार्यालयको सिफारिस बमोजिम सनराइज बैंक लिमिटेड दमौली मार्फत भत्ता वितरण गर्ने प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिन निर्णय गरियो ।

**निर्णय नं.१९** : प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ सिद्धार्थ चोकमा अवस्थित व्यास नगरपालिकाको अनुमति लिई दर्ता भएको ऋषि स्वास्थ्य क्लिनिक प्रा.लि. द्वारा हाल प्राप्त सेवामा फिजियोथेरापी सेवा थप गरी पाउँ भनी पर्न आएको निवेदन बमोजिम उक्त

क्लिनिकलाई फिजियोथेरापी सेवा सञ्चालन गर्न पाउने गरी थप सेवा सञ्चालनको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.२०** : प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ बस्ने इरिना डंगोलले आफ्नो एकाघरका ससुरा बुबा निरञ्जनलाल श्रेष्ठको नाउँमा रहेको साविक फराकचौर ९/ग कि.नं.५०७ र ५०९ हाल व्यास २ मा रहेको जग्गामा बनेको पक्की घर City Dental Clinic And Orthodontic Centre नामक व्यवसाय सञ्चालन गर्न अनुमति पाउँ भनी दिएको निवेदन साथ वडा नं.२ को वडा कार्यालयबाट भएको सर्जमिन मुचुल्का र सिफारिस तथा अन्य कागजातका आधारमा उक्त व्यवसाय सञ्चालन गर्नका लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.२१** : प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा महालक्ष्मी विष्णु कृषि तथा पशुपंक्षी पालन फार्म र सहारा कास्की कृषि तथा पोल्ट्री फार्म पोखरा १४ कास्कीद्वारा व्यास नगरपालिका वडा नं.१३ मा कृषि तथा पोल्ट्री फार्म सञ्चालन गर्दै आइरहेकोमा उक्त कार्यलाई प्रवर्द्धन गरी सञ्चालन गर्नका लागि व्यास १३ स्थित निम्नानुसारका जग्गाधनीहरुको नाउँमा रहेको जग्गाहरु महालक्ष्मी विष्णु कृषि तथा पशुपंक्षी पालन फार्म र साहारा कास्की कृषि तथा पोल्ट्री फार्मका नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिनका लागि कानून बमोजिम रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय, तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

**(क) महालक्ष्मी विष्णु कृषि तथा पशुपंक्षी पालन फार्म**

| कि.नं. | वडा नं. | जग्गाधनीको नाम, थर | क्षेत्रफल |
|---|---|---|---|
| २२७ | केशवटार ७/भ | एकबहादुर थापा | २-११-२-१ |
| २२९ | ,, | कुमार दाहाल | १-१३-१-० |
| २७३ | ,, | श्रीमाया थापा समेत | १-६-२-० |
| २७४ | ,, | अशोक सार्की | ० -८-०-० |
| २७५ | ,, | नारायण दुलाल | ० -७-१-३ |
| २७६ | ,, | फाइभस्टार ह्याचरी | ० -१४-१-० |
| ४२५ | ,, | मिन बहादुर थापा | १ -४-३-३ |
| २२४ | ,, | एक बहादुर थापा | १ -१२-१-१ |
| २३० | ,, | सिंहजंग पाण्डे | ६-४-०-३ |
| २३१ | ,, | दलबहादुर थापा | १ -७-२-० |
| २३२ | ,, | फाइभस्टार ह्याचरी | १ -४-१-१ |
| २३३ | ,, | मनबहादुर थापा | ४-२-२-० |
| २३५ | ,, | दल बहादुर थापा | १ -८-२-० |
| २३६ | ,, | दल बहादुर थापा | २-१०-१-० |
| २३७ | ,, | फाइभस्टार ह्याचरी | ० -१-१-१ |
| ४०३ | ,, | नेत्र बहादुर थापा समेत | १३ -९-०-० |
| २८१ | ,, | फाइभस्टार ह्याचरी | १ -९-३-० |
| २७९ | ,, | कुमार दाहाल | ० -१४-०-३ |
| २८० | ,, | अशोक कुमार सार्की | ० -१४-१-० |
| २८२ | ,, | फाइभस्टार ह्याचरी | ० -१४-१-० |
| २१३ | ,, | फाइभस्टार ह्याचरी | ० -१४-१-० |
| २१४ | ,, | फाइभस्टार ह्याचरी | २-४-०-१ |
| २१५ | ,, | फाइभस्टार ह्याचरी | ० -१४-३-१ |

| | | | |
|---|---|---|---|
| २११ | ,, | फाइभस्टार ह्याचरी | २-०-०-१ |
| २१० | ,, | फाइभस्टार ह्याचरी | ८-१३-३-० |
| २०९ | ,, | सुजमाया सार्की | ३-१५-१-० |
| ४०६ | ,, | फाइभस्टार ह्याचरी | २-४-२-० |
| १८२ | कशेवटार ७/क | फाइभस्टार ह्याचरी | ३-३-३-० |
| ६ | केशवटार ६/च समेत | फाइभस्टार ह्याचरी | १० -११-३-० |
| | | जम्मा | ८१-४-१-२ |

**(ख) साहारा कास्की कृषि तथा पोल्ट्री फार्म प्रा.लि.**

| कि.नं. | वडा नं. | जग्गाधनीको नाम, थर | क्षेत्रफल |
|---|---|---|---|
| २२७ | केशवटार ७/झ | एक बहादुर थापा | २-११-२-१ |
| २७८ | ,, | कुमार दाहाल | १ -१३-१-० |
| २७७ | ,, | कुमार दाहाल | १ -१३-१-० |
| ४२४ | ,, | मिनबहादुर थापा | १ -४-३-३ |
| ४२५ | ,, | चन्द्रकुमारी थापा | २-४-०-० |
| २२४ | ,, | एकबहादुर थापा | १ -१२-१-१ |
| १८४ | ,, | शेरबहादुर थापा | १ -५-१-० |
| २२३ | ,, | इन्द्रबहादुर थापा | १ -९-१-१ |
| १८५ | ,, | इन्द्रबहादुर थापा | ० -१३-०-१ |
| १८६ | ,, | तुलबहादुर थापा | २-२-२-२ |
| २२२ | ,, | दलबहादुर थापा | १ -८-२-० |
| १८७ | ,, | ठगबहादुर थापा | १ -१३-३-० |
| २२१ | ,, | शेरबहादुर थापा | ३-१०-०-० |
| १८८ | ,, | शेरबहादुर थापा | ६-१-२-० |
| १८९ | ,, | शेरबहादुर थापा | १ -१५-३-३ |
| २१९ | ,, | फाइभस्टार ह्याचरी | २-४-०-० |
| २१८ | ,, | फाइभस्टार ह्याचरी | १ -४-१-१ |
| २१७ | ,, | मनबहादुर थापा | ४-२-२-० |
| १९० | ,, | श्रीमाया थापा समेत | १ -६-२-० |
| १९१ | ,, | फाइभस्टार ह्याचरी | ४-३-०-१ |
| २४४ | ,, | फाइभस्टार ह्याचरी | ४-७-०-१ |
| १९४ | ,, | फाइभस्टार ह्याचरी | २-४-२-० |
| २६६ | ,, | सरिताकुमारी श्रेष्ठ | २-३-०-० |
| २७० | ,, | फाइभस्टार ह्याचरी | ० -१४-१-० |
| ३०२ | ,, | सरिता कुमारी श्रेष्ठ | ३-६-०-० |
| ३०१ | ,, | सरिता कुमारी श्रेष्ठ | १ -८-०-१ |
| २१२ | ,, | रामचन्द्र अधिकारी | ४-१४-२-२ |
| २०८ | ,, | फाइभस्टार ह्याचरी | ६-१०-०-२ |
| १९७ | ,, | फाइभस्टार ह्याचरी | ३-४-०-० |
| १९६ | ,, | बुद्धिमाया सार्की | २-२-०-० |
| १३३ | ७/क | हिमबहादुर आले समेत | ३-१५-३-० |
| | | जम्मा | ८१-९-०-१ |

**निर्णय नं.२२** : प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.६ बस्ने विसरादेवी राना मगरको हकमा अनुमति लिने ऐ.ऐ. बस्ने चक्रबहादुर राना मगर निवेदक भई व्यास नगरपालिका समेत विपक्षी भएको निशेषाज्ञा । (077-WO-0001) श्री तनहुँ जिल्ला अदालतमा दर्ता भई व्यास नगरपालिकाको नाउँमा १५ दिने म्याद मिति २०७८।४।२१ मा प्राप्त भई म्याद भित्रै लिखित जवाफ पेश गर्न पर्नेमा काबु वाहिरको परिस्थिति परी कानून बमोजिम म्याद थामी लिखित जवाफ लेखी उक्त मुद्दाको पूर्पक्ष गर्नका लागि व्यास नगरपालिकामा कार्यरत कर्मचारी स.म.वि.नि. श्री सर्मिला जमरकट्टेललाई प्रतिनिधि मुकरर गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३** : प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको लागि आवश्यक पर्ने आर्किटेक्ट र कृषि प्रसार अधिकृत पदहरु खुल्ला प्रतिष्पर्धाद्वारा माग गरिएकोमा पदपूर्ति समितिद्वारा आवश्यक प्रक्रिया पूरा गरी देहाय बमोजिमका सफल उम्मेदवारहरुलाई सेवा करारको सम्झौता गर्न सिफारिस भए अनुसार आर्किटेक्ट (अधिकृतस्तर छैटौं) पदको रु.३७,९९० र कृषि प्रसार अधिकृत (अधिकृतस्तर छैटौं) पदको रु.३७,९९०। मासिक पारिश्रमिक पाउने गरी अर्को व्यवस्था नभएसम्मका लागि सम्झौता बमोजिम कामकाजमा लगाउने गरी कार्यालयले गरेको सेवा करार सम्बन्धी सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

(क) आर्किटेक्ट (अधिकृत स्तर छैटौं)

**सफल उम्मेदवार नाम थर**

| सि.नं. | रो.नं. | उम्मेदवारको नाम थर | बाबुको नाम थर | स्थायी ठेगाना |
|---|---|---|---|---|
| १. | १ | श्री मन्दिप श्रेष्ठ | मणिराज श्रेष्ठ | व्यास ४, तनहुँ |

(ख) कृषि प्रसार अधिकृत (अधिकृत स्तर छैटौं)

**सफल उम्मेदवारको नाम थर**

| सि.नं. | रो.नं. | उम्मेदवारको नाम थर | बाबुको नाम थर | स्थायी ठेगाना |
|---|---|---|---|---|
| १. | ३ | श्री कुशल नहर्की | वलराम नहर्की | व्यास-१२, तनहुँ |

**वैकल्पिक उम्मेदवारको नाम थर**

| | | | | |
|---|---|---|---|---|
| १. | ७ | श्री कल्पना काफ्ले | चेतनारायण काफ्ले | वालिङ-१३, स्याङजा |

**निर्णय नं.२४** : प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा नेपाल सरकारद्वारा तोकिएको सेवा सुविधा प्राप्त गर्ने गरी विभिन्न कार्यक्रममा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुको २०७८ श्रावण १ गतेदेखि लागु हुने गरी २०७८ पौष मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

| सि.नं. | पद | कर्मचारीको नाम थर | कार्यक्रमको नाम |
|---|---|---|---|
| १. | एम.आइ.एस. अप्रेटर | श्री सुमिता पन्थ | राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण |
| २. | एम.आइ.एस. अप्रेटर | श्री विवेक गुरुङ | ,, |
| ३. | फिल्ड सहायक | श्री चन्द्र दरै | ,, |
| ४. | प्राविधिक सहायक | श्री दिनेश काफ्ले | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ५. | उद्यम विकास सहजकर्ता | श्री सुस्मिता थापा मगर | मेड्पा |
| ६. | उद्यम विकास सहजकर्ता | श्री भिमाकुमारी खत्री | ,, |

**निर्णय नं.२५ :** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा नेपाल सरकारद्वारा गठित भूमि आयोगमा कार्यरत देहाय बमोजिमका कर्मचारीलेरु.१५,०००। (पन्ध्र हजार) मासिक पारिश्रमिक उपलब्ध गराउने गरी २०७८ श्रावण १ गतेदेखि लागु हुने गरी २०७८ भाद्र मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

| सि.नं. | पद | कर्मचारीको नाम थर | कार्यक्रमको नाम |
|---|---|---|---|
| १. | तथ्यांक संकलक | श्री सुजाता भण्डारी | भूमि आयोग |
| २. | तथ्यांक संकलक | श्री अस्मिता पौडेल | भूमि आयोग |
| ३. | तथ्यांक संकलक | श्री सविया वेगम | भूमि आयोग |

**निर्णय नं.२६ :** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका युवा विकास अन्तर्गतका कार्यक्रमहरुमा सहयोग पुऱ्याउनका लागि नगर सभाबाट पारित शीर्षक नं.२०६ बाट खर्च हुने गरी मासिक रु.२८,२३०। तलब भत्ता पाउने गरी विशेष क्षमता भएकी व्यास नगरपालिका वडा नं.१० दुम्सीकोट बस्ने ३१ वर्षीय श्री कृष्णा थापालाई २०७८ भाद्र १ गतेदेखि लागु हुने गरी २०७८ पौष मसान्तसम्म युवा परिषद् अन्तर्गतका कार्य गर्ने गरी युवा विकास अधिकृत पदमा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७ :** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा तनहुँ जिल्लाको डुम्रेमा रहेको यातायात सेवा कार्यालयलाई तनहुँ जिल्लाको सदरमुकाम रहेको व्यास नगरपालिका दमौलीमा स्थानान्तरण गर्न वा तत्काल सेवा प्रदान गर्ने वैकल्पिक व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालय तनहुँलाई सिफारिस एवं तनहुँ जिल्ला यातायात व्यवस्था समितिको निर्णयानुसार गण्डकी प्रदेश सरकारसँग अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.२८ :** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका निम्न लिखित शिक्षकहरुलाई निम्नानुसार सरुवा सहमति एवं सरुवा गर्ने निर्णय गरियो ।

| सि. नं. | नाम थर | पद | कार्यरत विद्यालय | सरुवा भैजाने विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री रविला न्यौपाने भण्डारी | मा.वि. नेपाली अस्थायी | क्यामिनकोट मा.वि., व्यास ७, छापथोक | सिद्धेश्वरी मा.वि., व्यास १२ | दोहोरो सहमति |
| २ | श्री निर्मला पुरी | नि.मा.वि. गणित, अस्थायी करार | वसाहास्थान मा.वि., व्यास ९ | माहेन्द्री मा.वि., व्यास ९ | |
| ३ | श्री लक्ष्मी श्रेष्ठ | प्रा.वि. स्थायी | मनकामना प्रा.वि., व्यास १२ | जनकल्याण, व्यास ११, दरैपधेरा | |
| ४ | श्री देवबहादुर भण्डारी | प्रा.वि. स्थायी | जनकल्याण, व्यास ११, दरैपधेरा | मनकामना प्रा.वि., व्यास १२ | |

**निर्णय नं.२९ :** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा क्यामिनकोट मा.वि. व्यास ७ छापथोकको नेपाली शिक्षक श्री रविला न्यौपाने भण्डारी स्थानान्तरण भई रिक्त हुन आएको दरबन्दीलाई विद्यालयको आवश्यकता अनुसार निर्णय गरी माग भए अनुसार अंग्रेजी विषयमा परिवर्तन गरी विज्ञापन माग गर्ने अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.३० :** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ बालमन्दिर मा.वि.मा श्री राजेन्द्र खनाल मा.वि. शिक्षक विद्यालय व्यवस्थापन समितिबाट मिति २०७८।४।१ गतेदेखि लागु हुने गरी गरिएको प्रधानाध्यापक नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३१ :** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र बाल विकास शिक्षक नरहेका विद्यालयमा बढी दरबन्दी भएका स्थानबाट सरुवा वा नयाँ नियुक्तिको व्यवस्थापन मिलाउन शिक्षा तथा सामाजिक विकास शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.३२ :** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ मा मुख्य कार्यालय रहेको व्यास बचत तथा ऋण सहकारी संस्थाको माग बमोजिम सहकारी ऐन नियम अनुसार व्यास १ मा सेवा विस्तार गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.३३ :** प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१२ कमलवारी स्थित सिद्धेश्वरी माध्यमिक विद्यालयलाई संरक्षण गरी विपद् जोखिमबाट जोगाउन रिटेनिङवाल लगाउनुपर्ने भएको हुँदा गण्डकी प्रदेश सरकार समक्ष प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.३४ :** प्रस्ताव नं.३४ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार शिक्षा विभागको गतवर्षको निर्णयानुसार व्यास नगरपालिका भित्रका ५३ वटा प्रा.वि. दरबन्दी कटौती गरी दरबन्दी मिलान गर्नुपर्ने भएकाले नगर सभाको निर्णय अनुसार अझै बाँकी ३० वटा दरबन्दी कटौती गर्नुपर्ने देखिंदा २०७८ श्रावण १ गतेदेखि २०७८ कार्तिक मसान्तसम्म अनिवार्य अवकास नहुने तर स्वइच्छिक अवकास लिई यस नगरपालिकालाई दरबन्दी मिलान गर्न सहयोग पुऱ्याउने निवृत्तिभरण प्राप्त गर्ने दीर्घसेवी प्रा.वि. स्थायी शिक्षकलाई निजले खाईपाई आएको शुरु तलब स्केलको २ महिना बराबरको रकम मात्र प्रोत्साहन स्वरुप उपलब्ध गराउने गरी २०७८ कार्तिक मसान्तसम्म मात्र यस नगरपालिका शिक्षा तथा सामाजिक विकास शाखामा दरखास्त माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.३५ :** प्रस्ताव नं.३५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा नयाँ शैक्षिक सत्र प्रारम्भ भएपछि करार शिक्षक नियुक्ति गर्न आवश्यक पर्ने विषय विज्ञहरुको दरखास्त आव्हान गरिएकोमा निर्धारित समय भित्र दरखास्त दिने शिक्षकहरुलाई निजको योग्यता, क्षमताका आधारमा विषय विज्ञ सूचीकृत गर्न शिक्षा तथा सामाजिक विकास शाखाबाट प्रस्तावित नामहरु अनुमोदन गर्ने अधिकार शिक्षा समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै विद्यालयमा कर्मचारी र कार्यालय सहयोगी करार नियुक्ति गर्ने अधिकार सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३६ :** प्रस्ताव नं.३६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका शिक्षा ऐन, २०७५ को दफा १० (१) (ङ) अनुसार विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्ये श्री उदय मा.वि. व्यास ५ का अध्यक्ष श्री यज्ञ खनाल नगर शिक्षा समितिको सदस्यमा मनोनयन हुनु भएकोमा वहा हाल व्यवस्थापन समितिको अध्यक्ष नरहनु भई रिक्त रहेको हुँदा वहाँलाई धन्यवाद ज्ञापन गरी माहेन्द्री मा.वि. व्यास ९ का व्यवस्थापन समितिका अध्यक्ष श्री नारायणदत्त पौडेललाई नगर शिक्षा समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३७ :** प्रस्ताव नं.३७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र दिनानुदिन फोहोर मैला बढ्दै गइरहेको र नगरलाई सफा सुग्घर राख्नका लागि व्यास नगरपालिका वडा नं.१३ बस्ने श्री तिलबहादुर आले र श्री लक्ष्मी वि.क. लाई मासिक रु.१४,५००। (चौध हजार पाँच सय) का दरले पारिश्रमिक उपलब्ध गराउने गरी २०७८ भाद्र ८ गतेदेखि २०७८ पौष मसान्तसम्म करार सेवाको कुचीकार पदमा सम्झौता गरी काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं.३८ :** प्रस्ताव नं.३८ का सम्बन्धमा छलफल हुँदा कोभिड १९ को दोस्रो तथा तेस्रो लहरलाई मध्यनजर गरी वडा नं.१० स्थित शहरी स्वास्थ्य केन्द्रको भवनमा पि.सि.आर. प्रयोगशाला निर्माण तथा व्यास नगर अस्पताल सञ्चालनको लागि तत्काल पूर्वाधार निर्माण तथा मर्मत गर्नुपर्ने भएकोले उक्त निर्माण तथा मर्मत कार्यको लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीले व्यवस्था गरे बमोजिमका सम्पूर्ण खरिद प्रक्रियाहरु अवलम्बन गर्न सक्ने अवस्था नरहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम विशेष परिस्थितिमा तत्काल खरिद/निर्माण नगर्दा सार्वजनिक सुरक्षा, हित तथा सामुदायिक स्वास्थ्यमा पर्ने संकटलाई मध्यनजर गरी कोटेशन मार्फत प्रक्रिया अगाडि बढाइएको हुँदा उक्त प्रक्रियालाई स्वीकृत गरी योजनाको लागि भएको खर्च रु.२९,२२,०००। मात्र कोरोना कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.३९ :** प्रस्ताव नं.३९ का सम्बन्धमा छलफल हुँदा व्यास २ स्थित कोभिड १९ लाई लक्षित गरी व्यास नगरपालिकाले सञ्चालन गरेको आइसोलेसन केन्द्र मर्मत र नगरपालिकाको स्वास्थ्य शाखाको स्टोर निर्माण लगायतको कामको लागि प्राविधिक मूल्यांकन बमोजिम भएको खर्च रकम रु.३,७४,६०८। मात्र कोरोना कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.४० :** प्रस्ताव नं.४० का सम्बन्धमा छलफल हुँदा मिलिजुली मुना एग्रो फार्म प्रा.लि. पोखरा ३२ कास्कीद्वारा व्यास नगरपालिका वडा नं.९ स्थित निम्नानुसारका जग्गाधनीहरुको नाउँमा रहेको जग्गाहरु कृषि व्यवसाय सञ्चालन गर्नका लागि मिलिजुली मुना एग्रो फार्म प्रा.लि.का नाउँमा राजिनामा रजिष्ट्रेशन पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय, तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

**(क)** मिलिजुली मुना एग्रो फार्म प्रा.लि.

| कि.नं. | साविक वडा नं. | जग्गाधनीको नाम, थर | क्षेत्रफल |
|---|---|---|---|
| ५८ | क्यामिन २/क | पदमबहादुर गुरुङ | १-३-३-१ |
| ६१ | क्यामिन २/क | ,, | १-१४-१-२ |
| ६२ | क्यामिन २/क | ,, | ८-८-०-३ |
| ६३ | क्यामिन २/क | ,, | ७-१०-२-२ |
| १०४ | क्यामिन २/क | ,, | ३-०-३-० |
| ६० | ,, | कृष्णमाया गुरुङ | ३-२-१-१ |
| १०६ | ,, | शिव सिंह गुरुङ | ८-९-१-१ |
| २० | ,, | जितबहादुर गुरुङ | ५-१४-३-२ |
| २३ | ,, | ,, | १-१-०-० |
| २५ | ,, | ,, | ०-९-१-३ |
| २६ | ,, | ,, | १-२-१-० |
| ४५ | ,, | ,, | ४-१५-०-१ |
| | | जम्मा | ४७-१२-०-० |

**निर्णय नं.४१ :** प्रस्ताव नं.४१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ बाल मन्दिर माध्यमिक विद्यालयका अंग्रेजी शिक्षक श्री कृष्णहरि गैरेको दरबन्दी सहित बाराही माध्यमिक विद्यालय व्यास ११ मा सरुवा गरिएकोमा बाराही माध्यमिक विद्यालयमा हाजिर नभई बाल मन्दिर मा.वि. कै शिक्षक पदबाट राजीनामा दिनु भएको जानकारी प्राप्त हुन आएकोले निजको रिक्त दरबन्दी बाराही माधयमिक विद्यालयमा स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.४२ :** प्रस्ताव नं.४२ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका अत्यावश्य प्रकृतिका कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | योजना तथा कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | शीर्षक |
|---|---|---|---|---|
| १. | शिव पाञ्चायन मन्दिर सत्संग भवन कम्पाउण्ड पुन निर्माण | ३ | १०,००,०००। | मर्मत कोष |
| २. | शिशाघाट वडा सम्पर्क कार्यालय खानेपानी व्यवस्थापन | ६ | २५,७००। | ७९४ |
| ३. | छतिवन फेद खानेपानी योजना | १३ | ३५,०००। | ७९४ |
| ४. | साँज बोटे चौतारा निर्माण एवं खानेपानी व्यवस्थापन | १३ | ४८,०००। | ७९४ |
| ५. | बुद्ध सिं मार्ग मर्मत एवं डम्पिङ साइड व्यवस्थापन | १३ | ७,६०,०००। | मर्मत कोष |
| ६. | टिका कुमारी दरै उपचार र काजकृया खर्च | १ | ५०,०००। | ४२ |
| ७. | नगर प्रहरी विमला अस्लामी मगर उपचार खर्च | | ४०,०००। | ४२ |
| ८. | सिमान्त कुसुण्डा अध्ययन खर्च | | २५,०००। | १५७ |
| ९. | बासपानी सिलखान खानेपानी ट्रान्सफरमर मर्मत | | ८०,०००। | ७९४ |
| १०. | गोमाकुमारी शाही चट्याङ क्षति | | २०,०००। | विपद कोष |
| ११. | छाब्दी रासी भन्ज्याङ खानेपानी टंकी पुननिर्माण | १४ | ४,००,०००। | ७९४ |
| १२. | शंकर प्रा.वि. काफ्लेफाँट खानेपानी योजना | ६ | २२,४००। | ७९४ |
| १३. | सुसादे खोला तल्लो कजवे मर्मत | ६ | ४०,०००। | मर्मत कोष |
| १४. | तिर्थराज पौडेल घर संरक्षणका लागि जाली खरिद | ८ | ४०,०००। | विपद कोष |
| १५. | समीक्षा कृषि तथा पशु फर्म च्यापकटर खरिद | १० | २०,०००। | ८६४ |
| १६. | अर्चलचौर टोल भोलेनी पधेरा बाटो निर्माण | ११ | १,२०,०००। | ८६४ |
| १७. | बैरेनी दरै अधुरो भवन निर्माण | १० | ३,००,०००। | ८६४ |
| १८. | नेवा गुठी समाज वधशाला भवन छाउने | ५ | ५०,०००। | ८६४ |
| १९. | विद्युत मोटर खरिद -भरत भण्डारी) | ६ | ३०,०००। | विपद कोष |
| २०. | भगवती पन्थ समेतको खेत संरक्षण जाली खरिद | १२ | २०,०००। | विपद कोष |
| २१. | पाइप खरिद | १२ | १,५०,०००। | ७९४ |
| २२. | नाला सफाई गरी पहिरो हटाउने कार्य | २ | ८५,९००। | ८६४ |
| २३. | अशोक पन्थ समेतको खेत संरक्षण छाब्दी खोला | १२ | ५०,०००। | विपद कोष |
| २४. | नवराज कंडेल समेतको खेत संरक्षण छाब्दी खोला | १२ | ५०,०००। | विपद कोष |
| २५. | विभिन्न बाटो सफाइ र पहिरो हटाउने कार्य | ११ | २,३५,०००। | ८६४ |
| २६. | विमला परियारको छोरा भवितव्य परी मृत्यु भएकोले सहयोग | ६ | ३०,०००। | ४२ |
| २७. | सिन्धु आमा समूह सिप विकास सहयोग | ५ | १,००,०००। | १७८ |
| २८. | पङ्केपानी खानेपानी टंकी मर्मत | १२ | ९०,०००। | ७९४ |
| २९. | हुमनाथ डौलिया बाँधकुलो मर्मत पाइप खरिद | १२ | २०,०००। | ७८९ |
| ३०. | जिल्ला अदालत प्रतिक्षालय निर्माण | ३ | २,००,०००। | ८६४ |
| ३१. | नेत्र एग्रो फार्म च्यापकटर खरिद | १० | २०,०००। | ८६४ |